**प्रस्तावहरु**

**प्रस्ताव नं. १** : ब्याकहो लोडर सम्वन्धमा ।

**प्रस्ताव नं. २** : विद्युत लाइन जडान तथा मर्मत तालिममा सम्वन्धमा ।

**प्रस्ताव नं. ३** : प्राङ्गारक कृषि प्रमाणिकरण तालिम सम्वन्धमा ।

**प्रस्ताव नं. ४** : ब्याटमिन्टन खेलाडीलाई सहयोग सम्वन्धमा ।

**प्रस्ताव नं. ५**: अनुगमन तथा सुपरिवेक्षण समिति गठन सम्वन्धमा ।

**प्रस्ताव नं. ६** : आ.व. २०७६।०७७ को लागि दररेट सम्वन्धमा ।

**प्रस्ताव नं. ७** : कृषि कलष्टर अनुमोदन तथा सिफारिस सम्वन्धमा ।

**प्रस्ताव नं. ८** : समविनिको पद मिलान सम्वन्धमा ।

भगवतीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पगनाथ, दैलेख कर्णाली प्रदेश, नेपाल

**निर्णय नं. १ :**

यस गाउँपालिकाको लागि आवश्यक ब्याकहो लोडर बोलपत्रको माध्यमद्धारा खरिद गर्ने क्रममा बुद्ध पावर ईलेक्ट्रो सिस्टम, तिलोत्तमा, रुपन्देहीले पेश गरेको सवैभन्दा कम मूल्यांकित सारभूतमा प्रभावग्राही वोलपत्र स्वीकृत भई खरिद सम्झौता गर्न पत्राचार भएकोमा तोकिएको म्यादभित्र सम्झौता गर्न नआएको र सम्झौता गर्ने म्याद सकिए पछि ब्याक लोडर ल्याएर कार्यालय परिसरमा छोडी गएको र यस कार्यालयबाट दोस्रो कम मूल्यांकित सारभूतमा प्रभावग्राही वोलपत्रदातासँग खरिद सम्झौता गरी ब्याकहो लोडर खरिद गरी सकेको हुँदा बुद्ध पावर ईलेक्ट्रो सिस्टमलाई आफ्नो ब्याकहो लोडर फिर्ता लिनको लागि पटक पटक पत्राचार गर्दा समेत हालसम्म नलिएकोले सुरक्षा अवस्थालाई मध्यनजर गर्दा उक्त मेशिन सुरक्षित स्थानमा राख्नुपर्ने देखिएको हुँदा जिल्ला प्रहरी कार्यालय, दैलेखमा राखिदिने व्यवस्थाको लागि जिल्ला प्रशासन कार्यालय, दैलेखमा अनरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

यस भगवतीमाई गाउँपालिका क्षेत्रभित्र विद्युतको राष्ट्रिय प्रसारण लाईन जोडिएको र ग्रामीण विद्युतीकरण छिटै सुरु हुने भएकोले विद्युत लाईन जडान र मर्मत सम्वन्धी २ महिना तालिममा भाग लिन तिन जना युवाहरुलाई पठाउनु पर्ने भएकोले युवा लक्षित कार्यक्रमबाट खर्च गर्ने गरी खाना खाजा तथा यातायात खर्च र दुर्घटना विमाको लागि प्रति व्यक्ति प्रतिमहिना रु. १२०००। उपलब्ध गराउने निर्णय गरियो ।